अनुसूची -२

दफा ४ तथा अनुसूची -१ को भाग -२ संग सम्बन्धित

माङसेबुङ गाउंपालिका

स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८१।०४।१२

भाग-२

माङसेबुङ गाउंपालिका, गाउं कार्यपालिकाले स्वीकृत गरेका देहाय बमोजिमको मापदण्ड सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**माङसेबुङ गाउँ पालिकाको सुत्केरी स्याहार खर्च सम्बन्धी मापदण्ड, २०८१**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०४।११

**प्रस्तावनाः**

नेपालको संबिधान,२०७२ ले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । प्रत्येक नेपाली नागरिकले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई संबिधानले नै प्रत्याभुत गरी स्वस्थ समाज निर्माणको परिकल्पना गरेको छ । भोलीको स्वस्थ समाज निमार्णको लागि गर्भवती अवस्था देखि नै आमा र शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन आवश्यक रहेको र यसको लागि पोषण र स्याहार लगायतका क्षेत्रमा बिशेष ध्यान दिन आवश्यक भएकाले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनको महिला र शिशुको पोषण र स्याहार सुसारको लागि आवश्यक खर्च उपलब्ध गराउन माङसेबुङ गाउँ पालिकाको प्रशासकीय कार्यबिधि(नियमित) गर्ने ऐन २०७५ को दफा ४ को अधिकार प्रयोग गरी माङसेबुङ गाउँपालिकाले यो मापदण्ड जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस मापदण्डको नाम माङसेबुङ गाउँपालिकाको सुत्केरी स्याहार खर्च सम्बन्धी मापदण्ड २०८१ रहेको छ ।

ख) यो मापदण्ड गाउँकार्यापालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस मापदण्डमा :-

क) “गाउँपालिका” भन्नाले माङसेबुङ गाउँपालिका सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले माङसेबुङ गाउँकार्यापालिका सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले माङसेबुङ गाउँकार्यापालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) " वडा कार्यालय" कार्यालय भन्नाले माङसेबुङगाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु भन्ने बुझ्नु पर्दछ ।

च) "सुत्केरी स्याहार खचर्" भन्नाले यस माङसेबुङ गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने महिला सुत्केरी हुँदा सुत्केरी आमा र बच्चाको पालनपोषण तथा हेरचाहको लागि गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्दछ ।

छ) "पालन पोषण गर्ने व्यक्ति" भन्नाले सुत्केरी आमाको मृत्यु भएको अवस्थामा बच्चाको पालनपोषण तथा हेरचाह गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्दछ ।

ज) "सुरक्षित मातृत्व सम्बन्धी प्रोटोकल" भन्नाले गर्भवती महिलाले गर्भवती भएको थाहा पाएपछि स्वास्थ्य संस्थामा गई ८ पटक सम्म जाँच गराएको र सुत्केरी भएपछि ४२ दिनभित्रमा ४ पटक सम्म उत्तर प्रसुती सेवा लिएको अवस्था भन्ने बुझनु पर्दछ ।

**३. सुत्केरी स्याहार खर्च पाउने अवस्था**

देहाय बमोजिमको व्यक्ति सुत्केरी भएको अवस्थामा मात्र यस मापदण्ड बमोजिम सुत्केरी स्याहार खर्च पाउने छ ।

क. नेपाली नागरिक भएको ।

ख. माङसेबुङ गाउपालिकाका स्थायी बासिन्दा भएको ।

**४. सुत्केरी स्याहार खर्च**

सुत्केरी हुँदा सुत्केरी स्याहार खर्च वापत एकमुष्ठ रु ५०००। उपलब्ध गराइनेछ ।

**५. निबेदन पेश गर्नुपर्ने**

दफा ४ बमोजिमको सुत्केरी स्याहार खर्च प्राप्त गर्न सुत्केरी महिला वा सुत्केरीको मृत्यु भएको अवस्थामा शिशुको पालनपोषण गर्ने व्यक्तिले देहायका कागजात समेत संलग्न गरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष निबेदन दिनु पर्नेछ ।

तर कार्यालयमा उपस्थित भई निबेदन पेश गर्न नसक्ने अवस्थामा सम्बन्धीत वडा कार्यालय मार्फत समेत निबेदन पेश गर्न सकिनेछ । वडा कार्यालय मार्फत निबेदन पेश गर्ने निबेदकहरुको हकमा कार्यालयले वडा कार्यालय मार्फत खर्च उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

क निबेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

ख.बच्चाको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

तर बच्चा जन्मनु अधि नै मरिसकेको वा जन्मनसाथ मरेको अवस्थामा भने बच्चाको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि नभएपनि यस मापदण्ड बमोजिमको सुत्केरी स्याहार खर्च लिन बाधा पर्नेछैन ।

ग. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

घ. सुरक्षित मातृत्व सम्बन्धी प्रोटोकल पालना भएको सम्बन्धित स्वास्थ्य संस्थाको प्रमाण ।

तर हाललाई सुरक्षित मातृत्व सम्बन्धी प्रोटोकल पालना नभएको अवस्थामा पनि यस मापदण्ड बमोजिम सुत्केरी स्याहार खर्च  उपलब्ध गराउन कुनै बााधा पर्नेछैन ।

ङ. बर्थिङ सेन्टर वा अस्पतालमा शिशुको जन्म भएको भए सोको प्रमाण पत्र ।

**६. कसूर गरेको मानिने**

१. कसैले झुठो बिबरण पेश गरी यस मापदण्ड बमोजिम रकम लिएमा कसूर गरेको मानिनेछ ।

२. कसैले यस दफा बमोजिम कसूर गरेको प्रमाणित भएमा त्यस्तो कसूर गर्ने व्यक्तिले लिएको रकम असूल उपर गरी बिगो बराबरको जरिवाना गरिनेछ ।

**७. संशोधन**

गाउँ कार्यापालिकाको बैठकको निर्णयले यो मापदण्ड संशोधन गर्न सकिनेछ ।

**८. बचाउ**

यो मापदण्ड लागू हुनुअघि गाउँ कार्यापालिकाको निर्णय अनुसार यस्तो सहयोग रकम बितरण गरिएको भए यसै मापदण्ड बमोजिम बितरण भएको मानिनेछ ।

**प्रमाणित गर्ने अधिकारीकोः**
दस्तखतः
नाम थरः
पदः
मितिः

आज्ञाले,
दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत